## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


खण्ड २०८२ संख्या ०१ मितिः २०८२./०३/३१


**भाग-१**

**त्रिवेणी नगरपालिका**

# त्रिवेणी नगरपालिकाको विनियोजन ऐन, २०८२

आज्ञाले,

चिरन्जीवी प्रसाद शाह

प्रमुख प्रशासकीय अधिकृत

**त्रिवेणी नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**तोली बाजुरा**

# त्रिवेणी नगरपालिका विनियोजन विधेयक, २०८२

त्रिवेणी नगरपालिका , बाजुरा को आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : त्रिवेणी नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम त्रिवेणी नगरपालिका, नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "त्रिवेणी नगरपालिका, बाजुराको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन संवत् २०८२ श्रावण १ गते बाट लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यपालिका" भन्नाले त्रिवेणी नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ख) "नगर सभा" भन्नाले त्रिवेणी नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(ग) "वडा समिति" भन्नाले त्रिवेणी नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

(घ) "विषयगत शाखा" भन्नाले त्रिवेणी नगरपालिकाको शाखा, आयोजना, कार्यालय तथा अन्य प्रशासनिक एकाइ समेत सम्झनुपर्छ ।

ङ) "सञ्चित कोष" भन्नाले त्रिवेणी नगरपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

**३. आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८२/८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४८,४६,८०,६५९ (अक्षेरुपी रुपैयाँ अठचालिस करोड छयालिस लाख असी हजार छ सय अन्नसाठ्ठी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**४. विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त त्रिवेणी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा नपुग हुने शीर्षकमा विनियोजित रकमको २५ प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी बचत हुने शीर्षकहरुबाट रकमान्तर गर्न तथा निकाशा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्चहरुका एक उप शिर्षक बाट अर्को उप शिर्षकमा रकमान्तर गर्न सकिने र चालु खर्च तर्फ विनियोजित रकममा साँवा भुक्तानी खर्च, व्याज भुक्तानी खर्च, राजस्व फिर्ता खर्च र आम्दानी खर्च फिर्ता शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकमा रकमान्तर गगर्न सकिने छैन ।

तर, चालु खर्च बाट तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गगर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चिस प्रतिशत (२५%) भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्नु परेमा नगर सभाको स्विकृति लिनु पर्नेछ ।

आज्ञाले,
चिरन्जीवी प्रसाद शाह
प्रमुख प्रशासकीय अधिकृत